पालुङ जेसीजको पदस्थापना । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-२७ ● २०७७ माघ ०५ गते सोमबार, ● 18 Jan. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### थाहानगरको निजी आवास

# पुर्ननिर्माण ७७.७५ प्रतिशत

विकास संवाददाता
थाहा नगर

मकवानपुर थाहा नगरपालिकामा भूकम्पपछिको निजी आवास पुर्ननिर्माण ७७.७५ प्रतिशत सम्पन्न भएको छ । भुकम्पपीडित पुर्ननिर्माण लाभग्राही अनुदान प्राप्त गर्नका लागि गरिएको सम्झौता अनुसार ७७.७५ प्रतिशत घर पुर्ननिर्माण सम्पन्न भएको थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । अद्यावधिक विवरण अनुसार ७ हजार ९८ भुकम्पबाट पुर्ण क्षति भएका लाभग्राहीहरू मध्ये ६ हजार ५ सय ७१ जनाले निजी आवास पुर्ननिर्माणको लागि सम्झौता गरेका थिए । सम्झौता गरेका लाभग्राही मध्ये ५ हजार १ सय ९ परिवारले तेस्रो किस्ता वापतको अनुदान बुझि सकेको थाहा नगरपालिकाका भुकम्प पुर्ननिर्माण सम्बन्धी कार्य गरिरहेका इन्जिनियर परवेज खानले बताए ।




थाहा नगरपालिकाको तथ्याङ्क अनुसार वडा नम्बर १ मा ४ सय ५३ लाभग्राही मध्ये ४ सय ९ परिवारले सम्झौता गरेका छन्, ती मध्ये २ सय ९२ परिवारले घर निर्माण सम्पन्न गरेका छन् भने वडा नम्बर २ मा ७ सय ४७ मध्ये ६ सय ८९ परिवारले सम्झौता गरेकाकोमा ४ सय ५३ परिवारले घर निर्माण सम्पन्न गरेका छन् । वडा नम्बर ३ मा ४ सय २१ मध्ये ३ सय ९७ ले सम्झौता गरे भने २ सय ६८ परिवारले घर निर्माण सम्पन्न गरेका छन् । वडा नम्बर ४ मा ६ सय ९४ मध्ये ६ सय ३९ जनाले सम्झौता गरेका छन् भने ३ सय ६७ परिवारले आवास निर्माण गरेका छन् । वडा नम्बर ५ मा ५ सय ७८ मध्ये ५ सय ५५ परिवारले सम्झौता गरेकोमा ४ सय ३४ परिवारले घर बनाए । वडा नम्बर ६ मा ६ सय ५५ मध्ये ६ सय १८ जनाले सम्झौता गरेकोमा ४ सय ८७ परिवारले आवास पुर्ननिर्माण गरेका छन् । वडा नम्बर ७ मा ९ सय ७५ मध्ये ९ सय २७ परिवारले सम्झौता गरेकोमा ८ सय ४० ले आवास बनाए । वडा नम्बर ८ मा ७ सय ४१ मध्ये ७ सय २७ ले सम्झौता गरी ६ सय ७२ ले घर बनाएका छन् । वडा नम्बर ९ मा ३ सय ९९ मध्ये २ सय ८० परिवारले सम्झौता गरी २ सय ११ ले मात्र घर बनाएका छन् । वडा नम्बर १० मा २ सय ८२ मध्ये २ सय ४९ ले सम्झौता गरी २ सय ३ जनाले घर बनाएका छन् । त्यस्तै वडा नम्बर ११ मा ५ सय २२ मध्ये ४ सय ८० परिवारले सम्झौता गरेकोमा ३ सय ५५ ले परिवारले घर बनाएकाछन् । वडा नम्बर १२ का ६ सय ३१ मध्ये ६ सय १ ले सम्झौता गरेकोमा ति मध्ये ५ सय २७ ले भूकम्पपीडित अनुदान लिई निजी आवास बनाएका छन् ।

थाहा नगरपालिकामा सबैभन्दा बढि निजी आवास पुर्ननिर्माण वडा नम्बर ८ मा भएको छ । वडा नम्बर ८ मा ९२.४३ प्रतिशत निजी आवास पुर्ननिर्माण सकिएको छ । त्यसैगरी सबैभचन्दा कम निजी आवास पुर्ननिर्माणमा वडा ४ मा रहेको छ । वडा नम्बर ४ मा जम्मा ५७.४३ प्रतिशत मात्र पुर्ननिर्माण सम्पन्न भएको छ । थाहा नगरपालिकामा कुल पूर्ण क्षति लाभग्राही ७ हजार ९८ मध्ये ६ हजार ५ सय ७१ ले मात्र सम्झौता गरेका छन् । बाँकी ५ सय २७ भुकम्पपीडितले अनुदान सम्झौता नै गरेका छैनन् । अब उनीको लागि सम्झौता अवधि पनि समाप्त भैसकेको भुकम्प पुर्ननिर्माण प्राधिकरण

बाँकी पेज ५ मा

## दामन भ्यूटावर चार महिनादेखि बन्द



◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय क्षेत्र दामनको भ्यूटावरका बारेमा अपरिचित कमै होलान् । हाजिरी जवाफ प्रतियोगिता र लोकसेवा परीक्षामा समेत सोधिने प्रश्न हो- नेपालको शीतल भ्यूटावर । दामनमा रहेको यो शीतल भ्यूटावर अहिले बन्द छ । गत असोजदेखि भ्यूटावर पूर्णरूपमा बन्द रहेको दामन बजार व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष टासी शेर्पाले जानकारी दिए ।

कोभिड-१९ का कारण लकडाउन घोषणा भएयता भ्यूटावरमा आउने पर्यटकको संख्या कमी हुँदै गएको थियो । लकडाउन खुकुलो भएसँगै विस्तारै पर्यटकको सत्त्या वृद्धि हुन थाले पनि भ्यूटावरमा रहेका दूरविनमा समस्या भएको जनाउँदै ग्राहकले व्यापक गुनासो गर्न थालेपछि भ्यूटावर व्यवस्थापनले टावर बन्द गरेको हो । भ्यूटावरसँगै सञ्चालनमा रहेको रिसोर्ट पनि बन्द भएको छ ।

'लकडाउनसँगै बन्द भएको भ्यूटावर लकडाउन खुकुलो भएपछि खुल्ने आशा गरेका थियौं, तर केही दिन खुलेर फेरि बन्द भयो' एभरेष्ट क्लब दामनका महासचिबसमेत रहेका दावा टासी शेर्पाले भने । दामन भ्यूटावर एण्ड

बाँकी पेज ५ मा

व्यक्तिगत घटना दर्ता सम्बन्धी
जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## • सम्पादकीय •

# यसपालि पनि असारे विकासको उच्च जोखिम

परम्परा अनुसार घिउ, तरुल, चाकु खाएपछि यसवर्ष पनि पुस महिना विदा भएको छ । पुस महिनाको अन्त्यसँगै आधा आर्थिक वर्ष सकिदैछ। साउनदेखि शुरु भएर असारमा सकिने आर्थिक वर्ष पुस महिनामा ठीक्क आधि हुन्छ । पुस सकिएसँगै आर्थिक वर्षको आधा अवधि सकिएको छ। अब चालु आर्थिक वर्षको आधा अवधि मात्रै बाँकी छ। विकासका दृष्टिले समीक्षा गर्ने हो भने बितेको आधा आर्थिक वर्ष सकारात्मक रहन सकेन। यो आर्थिक वर्षमा कोरोना संकटका कारण अपेक्षाकृत विकास निर्माणले गति नलिएको बहाना गर्न सकिए पनि बितेका वर्षहरुको तथ्य यस्तै रहेको थियो। मकवानपुरकादश वटा स्थानीय तहको विकास प्रगति हेर्दा निकै निराशाजनक पाइएको छ। कूल विकास योजनामध्ये छ महिनाको अवधिमा एक तिहाइ विकास योजना पनि सकिएको छैन । कतिपय योजना त सम्झौता समेत पनि भएको छैन । आधा आर्थिक वर्ष सकिदा आधा विकास योजना सम्पन्न भइसकेको हुनुपर्ने थियो। नयाँ संविधान जारी भएसँगै राज्यपुनर्संरचना भयो र सबै क्षेत्रमा नयाँ संरचना बनाउने प्रयास गरियो। साविकका संरचनाबाट शक्ति र अधिकारको बाँडफाड वैज्ञानिक नभएको निष्कर्षअनुरुप नै राज्यपुनर्संरचना गरिएको हो।

नयाँ संविधान जारी भएपछि संघ, प्रदेश र स्थानीय सरकारको अवधारणा लागु गरियो। स्थानीय सरकारहरुले अधिकार मात्र पाएनन्, संविधानमै निर्दिष्ट शक्तिसम्पन्न संरचना पनि पाए। अहिले देशभरि रहेका सात सय ५३ स्थानीय तह एकल र संयुक्त अधिकारसूचिसहित यति शक्ति सम्पन्न छन्, ब्यवस्थापकीय र कार्यपालिकीय अधिकार पनि प्राप्त गरेका छन्। अर्थात् आफै योजना बनाउने, आफै बजेट विनियोजन गर्ने, आफै लागु गर्ने र आफै मूल्यांकन गर्ने सर्वशक्तिमान स्थानीय तहहरु हामीसँग छन्। तर यति बलिया संरचना भए पनि सोच, शैली, संस्कार र कार्यप्रणालीमा हिजोका स्थानीय निकाय र आजको स्थानीय तहबीच जनताले देख्ने गरी भिन्नता नहुनु आजको बिडम्बना बनेको छ। यसमा कसरी सुधार गर्ने चुनौतीको विषय पनि यही छ।

परिवर्तन संरचना र प्रक्रियामा मात्र होइन, परिणाममा देखिनुपर्छ। जनताले देख्ने र महसुस गर्ने विकास मात्रै विकास हो, बाँकी प्रचारबाजी मात्र हो। अहिले स्थानीय तहहरुमा कम विकास, धेरै प्रचारवाजी भइरहेको देखिन्छ। नेपालमा पर्याप्त स्रोत साधन नहुँदा विकास योजना बन्न नसक्नु र बनेका योजना पनि समयमै सम्पन्न नहुनु ठूलो समस्याको रुपमा रहेको छ। ठूला योजना ठेकेदारको खल्तीमा पुगेर रोकिएका छन् भने साना योजना पनि समयमै सम्पन्न नहुँदा खेर गइरहेका छन्। बल्लतल्ल स्रोत साधन जुटाएर, वैदेशिक ऋण वा अनुदान जुटाएर बजेट बनायो, त्यो पनि समयमै सम्पन्न नगर्दा राष्ट्रले क्षति भोगिरहेको छ भने जनताले परिवर्तनको अनुभूति गर्न पाइरहेका छैनन्। स्थानीय तहहरुमा जेठमा सम्झौता हुने र असारमा विकास गर्ने परिपाटी लामो समयदेखि चल्दै आएको छ। यस्तो विकास 'असारे विकास'को रुपमा बदनाम भएको छ। हिजो थोरै संरचना र स्रोतसाधनका कारण समयमै काम गर्न सकिएन भन्ने बहाना गरिन्थ्यो, आज अधिकारसम्पन्न स्थानीय तह बनेपछि पनि विकास निर्माणमा प्रगति नहुनुले हाम्रो कार्यक्षमतामा नै प्रश्न उठाएको छ। जनप्रतिनिधि र कर्मचारीले यसको जिम्मा लिने कि नलिने ? योजना कार्यान्वयनमा त्यसको आधा पनि तत्परता देखाउन सके विकास योजनामा सुधार आउँदै जाने छ। साथै उपभोक्ताहरुले पनि गाली गरेर मात्र हुँदैन, आफ्नो गाउँठाउँको योजना सम्पन्न गर्न तदारुकता देखाउन जरुरी छ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# जनमुखी राजनीतिका धरोहर 'रुदाने'

*गत अंकको बाँकी लेख..*

विक्रम सम्बत १९९० सालको पुस २६ गतेका दिन आमा चित्रकुमारीको कोखबाट हालको थाहा नगरपालिका ३ घर्तीखोलामा रूपचन्द्र बिष्टको जन्म भएको थियो । धनी बाबू पदमबहादुर बिष्टको घरमा जन्मिएर पनि रूपचन्द्र बिष्ट सानै उमेर देखि बिद्रोही, न्यायप्रेमी थिए । त्यसैले उनी कलिलै उमेरमा कम्युनिस्ट विद्यार्थी राजनीतिमा जोडिन पुगे । २००७ साल देखि २०१० सम्म सक्रिय विद्यार्थी राजनीतिमा रहेका रूपचन्द्र बिष्ट २०१७ सालको राजनैतिक परिवर्तन पछि २०२२ र २०२९ सालमा मकवानपुरको पालुङ गाउँ पञ्चायतबाट प्रधानपञ्चमा निर्वाचित बने । राष्ट्रिय पञ्चायतको सदस्य हुँदा समेत प्रजातान्त्रिक सोच, बिचार कारण पक्राउ परेका रूदाने बारे थुप्रै रोचक र प्रेरणादायी घटना र प्रसंग जोडिएका छन् । २०५६ साल असार ७ गतेको दिन यस धर्तीबाट टाढा भएका रूदानेसँग सम्बन्धित थुप्रै मध्य केही रोचक प्रसंगलाई यहाँ प्रस्तुत गर्न गइरहेको छु । प्रस्तुत छ, **विकास** खबरपत्रिका साप्ताहिकमा गत अंकको बाँकी प्रसंग.... ।

**प्रसंग-७**

### जन कल्याणको हिसाब रुदानेको छातीमा

जहिले पनि जहाँ पनि राम्रो र जनहितमा काम गर्नेहरूको बिरोध गर्ने, डाहा र ईर्ष्या गर्ने खराब आलोचना गर्नेहरूको एउटा समूह हुन्छ नै रूपचन्द्र बिष्ट प्रधानाध्यापक हुँदा पनि उनका बिरोधिहरूले उनले भ्रष्टाचार गरेको भनेर अञ्चलाधीशसमक्ष उजुरी गरेका रहेछन् । वीरगञ्जमा रहेको अञ्चलाधीश कार्यालयमा स्पष्टिकरणका लागि प्रधानाध्यापक विष्टलाई बोलायो ।

अञ्चलाधीशले बोलाए पछी जानै पऱ्यो । उनी अञ्चलाधीश सामु हाजिर भए । उनलाई त्यहाँ सोधियो-"तिमी माथि हिसाब किताब हिनामिना गरेको आरोप छ । खै हिसाब देखाउ ।" उनले आफ्नो शैली अनुसार उहि लामो ठुलो "थाहा" लेखिएको ओभर कोट लगाएर गएका थिए । रूपचन्द्र बिष्टले त्यस ओभर कोटको टाँक खोलेर आफ्नो छात्तीभरी टाँसेर ल्याएको जन कल्याण मा.वि.को आम्दानीको सुची अञ्चलाधीशलाई देखाई दिए । अञ्चलाधीशले हिसाब दंग पर्दै नियालेर केहि बेर सम्म हेरे र फेरि सोधेछन्-"यो त आम्दानी भयो, खर्च विवरण खोइ त ?" रूपचन्द्रले यो पटक पुरै ज्याकेट खोलेर फनक्क घुमेर ढाडमा टाँसिएको खर्च विवरण देखाइदिए । त्यहाँ लेखिएको खर्च विवरणमा पालुङबाट वीरगञ्जसम्म गएको खर्च जम्माजम्मी १ रूपैयाँमात्रै लेखेको देखेपछि अञ्चलाधीशले सोधेछन्-'१ रूपैयाँ खर्चमा पालुङबाट वीरगञ्ज कसरी पुग्न सम्भव छ?' विष्टले सबिस्तार जवाफ दिएछन्-'एउटा भाते साथी थियो, उसले ट्रक चलाउँदो रहेछ । त्यसैमा म यहाँसम्म पुगे, ट्रक चढेको भाडा परेन । उसैले बाटोमा मासुभात खुवायो, त्यो खर्च पनि जोगियो । यो १ रूपैयाँ त यहीँ बिरगंज आईसके पछी हिसाब लेख्नलाई कापी र कलम किन्दा भएको खर्च हो ।" रूपचन्द्र विष्टको यो अनौठो शैली, पार्दर्शिता र ईमान्दारिता देखेर अञ्चलाधीश हेरेको हेऱ्यै भएछन् ।

**प्रसंग-८**

### राजा ठेकेदार हो ?

तत्कालीन राष्ट्रिय पञ्चायतका जनपक्षीय सदस्य रूपचन्द्र विष्टलाई राजाका दूत वीरेन्द्रकेशरी पोखरेललगायत एक दर्जन व्यक्तिले मन्त्री बन्न प्रस्ताव पठाएका थिए । प्रस्तावको खिल्ली उडाउँदै उनले भने, 'रापस (राष्ट्रिय पञ्चायत सदस्य) जनताले पठाएको प्रतिनिधि हो ?, मन्त्री राजाले बनाउने र व्यवस्था चलाउने ठेकेदार हो, म जनप्रतिनिधि, राजाको भाट हुन र व्यवस्था टिकाउन मन्त्री हुने कुरै छैन ।'

परिणामस्वरूप उनलाई जेल हालियो । राजा वीरेन्द्रले प्रधानमन्त्री मरिचमान सिंहसित बारम्बार भन्थे रे, 'उनको कुरा विचारणीय छ ।' रूपचन्द्र बिष्ट जेलमा हुँदा पनि प्रधानमन्त्री सिंहले 'महाराजको इच्छाअनुसार रूपचन्द्रले रोजेकै मन्त्रालय वा सबै मन्त्रालय हेर्ने विनाविभागीय मन्त्री हुनेछौ भन्ने प्रस्ताव पठाए । जबाफमा रूपचन्द्र बिष्टले भने, 'जनप्रतिनिधि रूपचन्द्रलाई गरिबमारा, मुलुकमारा, बजेटमारा मन्त्रीको हुलमा सामेल हुने जनादेश छैन । श्रम गर्ने किसान, मजदुर, नारीको कमाइ खाने शोसक, सामन्त, पुँजीपतिको यस्तो अपराधी व्यवस्था बदल्ने, अनिमात्र मन्त्री हुने ।'

**प्रसंग-९**

### अठ्ठा जोकर

रूपचन्द्र बिष्टको बोल्ने शैली, उनको बिद्रोही स्वभाव, उनको सोच र उनको ब्यवहारको चर्चा राजनीतिक बृतमा निकै चलेको थियो । यो चर्चा दरबारमा पनि पुगिसकेको थियो । त्यति बेला राजा महेन्द्र थिए र रूपचन्द्र बिष्ट भर्खरका युवा । एउटा युवाको राजनीति यो विघ्न चलेको चर्चाले राजा महेन्द्रलाई आकर्षित गऱ्यो । त्यसैले एकदिन उनलाई दरबारबाट भेट्न बोलए ।

बोलाइएको दिन रूपचन्द्र बिष्ट दरबार पुगे । मुख्य द्वारमा उनलाई सुरक्षाकर्मीले रोक्दै भने-" अहिले महाराज ब्यस्त हुनुहुन्छ तपाई १५ मिनेट यहीँ बस्नोस भित्रबाट खबर आए पछि जानू होला ।" सुरक्षाकर्मीलाई जे सिकाइएको थियो त्यति भनेर रूपचन्द्र बिष्टलाई राजालाई भेट्न आएका अरूहरू सँगै कुर्न लगाए । केही बेर पछि भित्रबाट ढोके आएर-" रूपचन्द्र बिष्ट भनेको को हो ? भित्र आउनोस ।" भन्यो । रूपचन्द्र बिष्ट जुरूक्क उठेर बाहिर निक्सन लागे । यो देखेर सुरक्षाकर्मीले किन भित्र नगएको भनी प्रश्न गरे । उनलाई रूपचन्द्र बिष्टले जवाफ दिए-"अघि राजा ब्यस्त थिए म फुर्सदिलो, अब राजा फुर्सदिलो भए म ब्यस्त ।" यति भनेर उनी बाहिरिए ।

यो खबर राजा कहाँ पुग्यो र फेरि उनलाई अर्को कुनै दिन दरबार बोलाइयो । उनी फेरि निर्धारित समयमा पुगे । यो पटक उनलाई सरासर भित्र



यादवजंग रायमाझी

जान दिईयो । कुरा हुँदै जादा राजा महेन्द्रले रूपचन्द्र बिष्टलाई सोधे-" तिमी बास्तबमा के गर्न चाहन्छौ ? रूपचन्द्रले जवाफ दिए-" धेरै त केही हैन .......म यो देशमा अठ्ठा जोकर बनाउन चाहन्छु त्यत्ति हो ।" राजाले कुरा बुझेनन र फेरि सोधे -"मतलब !" रूपचन्द्र ढुक्कैले भनी दिए -"तासको नियम त महाराजलाई थाहै होला । अठ्ठा जोकर बनाउन सत्ता पल्टाउन पर्छ । म यो देशको सत्ता पल्टाउन चाहन्छु ।"

**प्रसंग-१०**

### बाउ तह लगाउन बच्चाको सहारा

रूपचन्द्र आफ्नो सभा-सम्मेलनमा सकेसम्म धेरै महिलाहरू सहभागि होउन् भन्ने चाहन्थे । उनीहरूले पनि कुरा बुझुन् भन्ने चाहन्थे । चेतना जागृत होस् भन्ने चाहन्थे । 'मान्छे के हो? म को हुँ ? हाम्रो जीवन किन यस्तो भयो?' उनीहरूको मनमा प्रश्नका केहि थोपाहरू सिंच्न चाहन्थे ।

तर सभामा त्यस्तो हुँदैनथ्यो, पुरूषहरूकै बाहुल्यता रहन्थ्यो । नगण्य महिलाहरूले मात्र भाग लिन्थे । लोग्नेहरू ठान्दथे- स्वास्नीले राजनितिका कुरा सिकेर के अर्थ! प्रायश: पुरूषहरू महिलामाथि विभेद छ भन्ने स्वीकार्दैनथे । चलिआएका चलन भन्थेस महिलाहरू चुलोचौकोमै सिमित हुनुपर्ने तर्क गर्थे ।

एकदिन रूपचन्द्रलाई लाग्यो- अब यी लोग्नेहरूलाई पाठ पढाउनुपर्छ । मकवानपुरको कुनै दुर्गम गाँउमा कार्यक्रम थियो । राजनितीक सभा । रूपचन्द्रलाई थाहा थियो आज पनि फेरि पुरूषहरूमात्रै आँउछन् । त्यसैले रूपचन्द्रले एउटा जुक्ति झिकेछन् ।

घर-घर गएर महिलाहरूलाई डाकेछन्, पुरूषहरूलाई डाकेछन् र बालबालिकाहरूलाई पनि एकै ठाँउमा भेला पारेछन् । सबै जम्मा भएपछि उनले बालबालिकाका बाआमालाई सोधेछन्, तिम्रो बच्चाले झुटो बोल्छ कि बोल्दैन?' 'बोल्दैन।' सबैले एकैसाथ बोले ।

'ल, त्यसोभए एकछिन् चुप लागेर बस । म यिनीहरूसंग कुरा गर्छु ।' बच्चासंग के कुरा गर्ने होला ! सबैजना उत्सुक भएछन् । यता रूपचन्द्र-बच्चाहरूलाई लहरै उभ्याएर प्रश्न सोध्न थालेछन् ।

-'तिम्रो घरमा सबैभन्दा पहिले को उठ्छ ?'

-'आमा !' बच्चोले अनकनाँउदै जवाफ दिएछ ।

बाँकी पेज ३ मा

# जनमुखी राजनीतिका ....

'सबभन्दा पछि को सुत्छ?'
-'आमा!' बच्चाहरू कराए ।
'सबभन्दा अन्तिममा कसले खाना खान्छ?'
-आमा!' फेरि कराए ।
'घरको सारा काम कसले गर्छ ?'
-'आमाले !' झन ठुलो स्वरले कराउनु लागे बच्चाहरू ।
'घरमा पैसा को सित हुन्छ?'
-'बा सित !' यो पटक अन्कनाउँदै बोले ।
'घर-खेत कसको नाममा छ ?'
-'बा को !' बच्चोले जवाफ दिँदै गर्दा त्यहाँ उपस्थित बाउहरूको मध्यपुषको कठ्याङ्ग्रिने जाडोमा पनि पसिना छुटिसकेको हुन्थ्यो ।

**प्रसंग-११**

**सिफारिस**

राष्ट्रिय पञ्चायतका सदस्य रूपचन्द्र बिष्टलाई एकदिन उनका भतिजा रण संग्राम बिष्ट जो करातेका खेलाडी हुनले भेट्न गए । रूपचन्द्र बिष्टले उनलाई सोधे "किन आईस ?" "काका जापान गएर कराते प्रशिक्षण लिने सरकारी कोटा आएको छ तपाईंले भनीदिनु भयो भने म जान पाउने थिए ।" रण संग्रामले जवाफ दिए । रण संग्राम राम्रा खेलाडी हुन भन्ने त रूपचन्द्रलाई थाहा थियो । तर जन्म वा जात, साईनो वा सम्बन्ध, चिनजान वा आफन्त भएको आधारमा कसैलाई समर्थन गर्ने सिफारिस गर्ने नियत, ब्यवहार वा सिद्धान्त रूपचन्द्रको थिएन । त्यसैले उनले खल्तीबाट एउटा कागज निकालेर एउटा सिफारिस लेखे । जसमा लेखिएको थियो - "यो चिठ्ठी बोकेर आउनेलाई म सिफारिस गर्दछु तर यो भन्दा योग्य कोही भए त्यसलाई छाडेर यसलाई नदिनु फेरि यसलाई छाडेर यो भन्दा अयोग्यलाई पनि नदिनु, दिनु छैन र ठाउँ छैन भने दिदै नदिनु ।"
-रापस, रूपचन्द्र बिष्ट

**प्रसंग-१२**

**रुदानेलाई ३ प्रश्न**

अहिलेको नेकपाका नेताहरू नारायणकाजी श्रेष्ठ (प्रकाश) र गिरिराजमणी पोखेलले २०५४ सालतिर गर्जन नामक साप्ताहिक पत्रिका प्रकाशन गर्ने गर्थे । वामपन्थी विचार र विश्लेषणको लागि उक्त पत्रिका प्रसिद्ध थियो । अन्तर्वार्ता गर्ने उद्देश्यसहित पत्रकारद्वय श्रेष्ठ र पोखेल एकदिन रूपचन्द्रको घर पुगेछन् ।

- 'संगठन किन बनाउनुहुन्न् बलियो जनशक्ति तयार पार्न संगठन आवश्यक छ जस्तो लाग्दैन ?' पत्रकारद्वयले सोधे ।

'संगठन ! संगठन गर्न खोज्यो भने जहिले पनि चोर, डाँका लुच्चा-लाच्चीहरूको फेला परिन्छ । कुनै न कुनै चोरका हातमा साङ्लोको एउटा टुप्पो र तेरो घाँटीमा त्यो साङ्लोको अर्को टुप्पो पर्छ । कोशिस नगर्नु संगठनलाई संगठन--हुने कुरा हो, हुन दिनू । आवश्यक परेमा जनता आँफै संगठित हुन्छन् ।' राजनीतिक संगठनबारे रूपचन्द्रको विचार यस्तो थियो ।

- 'थाहाको परिभाषा मार्क्सको भौतिकवादसँग सम्बन्धित छ कि-' पत्रकार श्रेष्ठ र पोखेलले सोधे ।

'जति सत्यहरू परिचित छन्, त्यो परिचित सत्य थाहा हो । तर सत्य परिचित छैन भने पनि त्यो सत्य भइरहन्छ, तर हामीलाई थाहा हुँदैन । अब योभित्र के के परे के के परेनन्-आँफै विचार गरे थाहा पाइन्छ । थाहाभित्र जम्मै पर्छन् । मार्क्सवादमात्र होइन मार्क्सवादको विरोधीवाद पनि थाहा भित्रै पर्छ ।'

- 'त्यसोभए मार्क्सवादबारे तपाईंको धारणा के त ?' श्रेष्ठ र पोखेलको जिज्ञासा अझै शान्त भएको थिएन ।

'सबैभन्दा विकसित वाद, सबैभन्दा शान्तिपूर्णवाद र सबैभन्दा व्यापक वाद हो-गान्धीवाद ।' रूपचन्द्रले भने, 'तर बल प्रयोग गर्ने सरकार र व्यवस्था भएको तथा शान्तिमा सीमित नरहने ठाउँ र स्थितिमा उपयुक्त हुन्छ - मार्क्ससवाद ।'

**प्रसंग-१३**

**विद्यार्थीलाई थोत्रा टायर**

जति बेला रूपचन्द्र बिष्ट प्रधानाध्यापक थिए उनी आफ्ना बिद्यार्थीहरूलाई "जहाँ तिमी जान्छौ, त्यही तिमी हौ" भन्ने गर्दथे । यो बाहेक उनले कक्षामा बारम्बार एउटै कुरा भन्थे, 'पढ्न मन लाग्छ पढ, खेल्न मन लागे बाहिर जाऊ ।' तर विद्यालय भने १० बजे भित्रमा आईसक्नु पर्दथ्यो । जुन विद्यार्थी ढिलो गरेर विद्यालय पुग्दथे उनिहरूले सजाय पाउथे । सजाय थियो नजिकैको खोलाबाट ढुङ्गा बोक्ने । यसरी बिद्यार्थीले बोकेको ढुङ्गाको ठूलो चाङ नै बनिसकेको थियो जन कल्याणमा त्यो बेला ।

एक पटक रूपचन्द्र बिष्टले काठमाडौंबाट थुप्रै साइकलका थोत्रा टायरहरू ल्याए । त्यो थोत्रो साइकलको टायरहरू लाईनमा राखेर सबै विद्यार्थीहरूलाई एकएक थान टायर बाँडे । बाँडी सकेपछि उनले भने "भोलि देखि विद्यालय आउँदा यो टायर गुडाउदै आउनु सबैले ।" भोलिपल्ट देखि विद्यार्थीहरू समयमै विद्यालय पुग्न थाले । कोहि पनि ढिला हुदैन थिए । बिद्यार्थीहरू तँछाडमछाड गर्दै को पहिलो हुने भनेर टायर गुडाउदै दगुर्दै विद्यालय आईपुग्न थाले ।

**प्रसंग-१४**

**मितव्ययी रुदाने**

चुनावको बेला कोणसभा, आमसभा हुने नै भयो । सबै दलले सभा कहाँ र कहिले हुने को को वक्ता हुने माईकिङ गर्दै हिड्ने चलन थियो । अझै पनि छ । अरू दलका कार्यकर्ताले दुई तीन दिन अघि देखि समूह बनाई यसरी माईकिङ्ग गर्दै हिड्थे । तर रूदानेको आमसभा हुने कोणसभा हुने हल्ला त भएको हुन्थ्यो तर अघिबाटै लगातार माईकिङ गर्ने चलन थिएन । जुन दिन सभा हुने हो त्यही दिन त्यहाँको कुनै अग्लो ढिस्को वा डाँडामा गएर चारैतिर माईक फर्काएर जानकारी मात्र दिइन्थ्यो । जानकारी मात्र भन्नाले अरू दलको माईकिङ हुँदा जनतालाई आउन अनुरोध गरिन्थ्यो । तर रूदानेले फलानो ठाउँमा आज यति समयमा कोणसभा हुदैछ मात्र भन्थे अनि त्यस्तै भन्न लगाउथे । सुन्न आउ कहिले भन्दैन थिए । हाते माईकमा लाग्ने ब्याट्री छिटो सकिन्छ भनेर फेरि त्यही जानकारी पुन माईकबाट फुक्दा " अघि भनीएको सभा भनिएकै बेलामा सुरू हुदैछ ।" मात्र भन्न लगाउथे । लामो र धेरै बोल्न दिदैन थिए ।

गाउँमा घरका भित्ताहरूमा दल बिशेषको प्रभावको आधारमा ठुला-ठुला र सिङ्गारिएको कहि हलो, कहि सुर्य र कहि रूख बनाईएको हुन्थ्यो । जनमुखी सहकर्मीहरू पनि त्यस्तै हँसिया हथौडा र तारा बनाउन खोज्थे । तर रूदानेले देख्ने बित्तिकै "यो भातेले त्यो गेरू छिटो सक्ने भयो । खै ले यता ।" भनेर बुझ्ने सम्मको मात्र हँसिया हथौडा र ताराको आकार आफै कोर्थे ।

रूदानेको चुनाव प्रसार सामाग्री निकै कम मात्र हुन्थ्यो । त्यसैले ठूलो गाउँ वा धेरै मानिसले देख्ने ठाउँमा मात्र ती सामाग्री टाँसिन्थ्यो । टाँस्नका लागि मैदा त बोकिएको हुन्थ्यो तर प्रचार सामाग्री टाँस्ने ठाउँमा गोबर भेटियो भने त्यसलाई प्रयोग गर्न अह्राउथे ।

**प्रसंग-१५**

**सिसाको पर्खाल**

सिंह दरबार बाहिर हिडिरहेका रूपचन्द्र बिष्टलाई चिनेर कुनै बटुवाले प्रश्न गरे "तपाईं रूप्चन हैन ?"
"हो" रूपचन्द्रले जवाफ दिए ।
"तपाई भित्ता भित्तामा थाहा लेख्दै हिड्नु हुन्छ । थाहा पाउनु पर्छ भन्नुहुन्छ । यसको अर्थ के हो?" बटुवा फेरि सोधे ।


रूपचन्द्र बिष्ट

"यो सिंह दरबारको अग्लो पर्खाल सिसाको पार दर्शी हुनुपर्छ भनेको " रूपचन्द्रले भने ।
सिंह दरबारको सेतो अग्लो पर्खाल तिर हेर्दै जिल्ल परेर बटुवाले फेरि सोध्यो "मतलब !!"
"भाते यो भित्र बन्ने नियम, कानुन र हुने सबै निर्णयहरू सबै जनताले सुन्ने, बुझ्ने थिति हुनुपर्छ । सबै जनतालाई सुसूचित गर्नु पर्छ भनेको ।" रूपचन्द्रले ठूलो स्वरमा कराएर भने ।

**प्रसंग-१६**

**वाकपटुता**

राष्ट्रिय पंञ्चायत सदस्य रूपचन्द्र (रापसरू) आफ्नो पुरानो स्कुटर लिएर सिंह दरवार अगाडिबाट कतै जाँदै थिए । ड्युटीमा रहेका ट्राफिकले उनलाई रोके कुनै कुरालाई लिएर दुइ बीच विवाद सुरू भयो । रापसरूले आफ्नो थोत्रो स्कुटर त्यही छाडेर ट्राफिकलाई भने-'यो देशमा जनता भन्दा जनप्रतिनिधि ठुला, जनप्रतिनिधि भन्दा नेता ठुला, नेता भन्दा मन्त्री ठुला, मन्त्री भन्दा सिपाही ठुला, हुनुपर्ने भन्दा ठ्याक्कै उल्टो बहुला ब्यवस्था भएको यो देश' यति भन्दै चाबी ट्राफिकलाई दिई स्कुटर छाडेर हिडे । भोलिपल्ट नयाँ सन्देश भन्ने पत्रीकामा उनको यहि भनाइ छापिएर आयो । राष्ट्रिय पंञ्चायतको अधिवेशनमा यो कुरा उठ्यो । झापाका दीर्घराज प्रसाईंले उठाउनु भएको सवालमा तत्कालीन राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीले रापसरूलाई "माननीय रूपचन्द्र बिष्ट यस व्यवस्थालाई बहुला ब्यवस्था भन्नु भएको भन्ने बिषयमा स्पष्टीकरण दिनोस" भने रापसरूले जुरूक्क उठेर पत्रिकामा जे लेख्याछ ठिक लेख्याछ भने । यसले त्यहाँ लामो बहस सुरू भयो । यसबीच कमल थापा जो रापस थिए उनले "रूपचन्द्र बिष्टले पञ्चायत व्यवस्थालाई बहुला व्यवस्था भनेको हुन, त्यसैले उनलाई आचारसंहिता लगाएर निकाल्नु पर्छ ।" मात्र के भनेका थिए रापसरू फेरि जुरूक्क उठेर कराउदै 'नियमापती' नियमापती माननीय कमल थापाले पञ्चायती व्यवस्थालाई बहुला व्यवस्था भन्नू भयो । मैले केवल बहुला व्यवस्था भनेको हुँ अरू केही बोलेकै छैन । त्यसैले माननीय कमल थापालाई आचारसंहिता लगाएर निकाल्नु पर्यो । भने उनको यो चातुर्यता र वाकपटुताले हलमा हाँसो गुन्जियो र बहस सकियो ।

# गुलियो खानाले मधुमेह हुन्छ ?

**चि**नीजन्य खानेकुरा सेवन नगर्दा मधुमेह लाग्दैन भन्ने जमात पनि कम छैन । जबकी मधुमेहको कारण चिनीजन्य खानेकुरा मात्र होइन ।

मधुमेह हुनुमा वंशानुगत र अन्य कारण बढी जिम्मेवार हुन्छ । यद्यपी मधुमेहले ग्रस्त भइसकेपछिको अवस्थामा गुलियो खानेकुरा सेवन गर्दा शुगर अनियन्त्रित हुन्छ ।

मधुमेहका रोगीलाई अक्सर सल्लाह दिने गरिन्छ कि, उनीहरूले सुगर फ्रि चिज खानुपर्छ । जबकी मधुमेह रोगीको खाना शुगर फ्रि मात्र होइन, क्यालोरी फ्रि पनि हुनुपर्छ । अहिले के पनि भन्न थालिएको छ भने, मधुमेह भनेको खानदानी रोग हो । अर्थात हुनेखानेलाई लाग्ने रोग हो । यसको अर्थ जो सुख र सुविधाभोगी छन्, ऐशआरमको जीवन बिताउँछन् उनीहरू यो रोगको चपेटामा आउँछन् ।

यसको अर्थ के भने, ऐशआरम खोज्नेहरू शारीरिक रूपमा निस्क्रिय हुन्छन् । श्रम गर्दैनन् । व्यायाम गर्दैनन् । मीठोमसिनो खान्छन् । यस किसिमको खराब जीवनशैली पनि अहिले मधुमेहको कारण बन्दैछ ।

दुई प्रकारको मधुमेह हुन्छ, टाइप-१ र टाइप-२ । यी दुबै मधुमेहको भिन्नतालाई सजिलै थाहा पाउन सकिन्छ । टाइप-१ मधुमेहमा इन्सुलिन उत्पादन गर्ने कोशिका शरीरको प्रतिरक्षा प्रणालीद्वारा नष्ट हुन्छ । जबकी टाइप-२ मधुमेहमो शरीरले प्यानक्रियाजद्वारा उत्पादन हुने इन्सुलिन प्रयोग गर्न सक्दैन ।

मधुमेहको रोगीले कम खानुपर्छ, भलै थोरै थोरै खानुहोस् । तर, आवश्य पनि खाइरहनुहोस् ।



मानिसहरू के सोच्छन् भने, मधुमेह बुढ्यौलीमा लाग्छ । तर, यो सबै उमेर समूहमा लाग्न सक्छ । बालकदेखि बयस्कसम्म ।

**मधुमेह किन हुन्छ ?**

हामी कामको चक्करमा पर्याप्त निन्द्रा लिदैनौं । राती अबेर सुत्ने, बिहान चाडै उठ्ने बानी पनि कतिपयको हुन्छ । तर, पर्याप्त निन्द्रा पुगेन भने विभिन्न रोग लाग्न सक्छ । त्यसमध्ये मधुमेह पनि एक हो । दिनमा कम्तिमा ८ देखि १० गिलास पानी पिउनुपर्ने हुन्छ । तर, पानीको मात्रा पुगेन भने शरीरमा ब्लड शुगरको मात्रा बढ्छ ।

राती अबेर भोजन गर्दा शरीरको तौल बढ्छ । यसले ब्लड शुगर लेभल असन्तुलित हुन्छ । जसको शरीरको तौल बढी हुन्छ, उनीहरूले मोटोपन नियन्त्रणका लागि कुनै पहल गरेनन् भने मधुमेहले गाज्न सक्छ । निस्क्रिय जीवनशैलीले शरीरलाई रोगको भण्डार बनाउँछ । जीवन सक्रिय हुनुपर्छ । यसका लागि नियमित व्यायाम आवश्यक हुन्छ ।

# सार्वजनिक खर्चमा स्थानीय तहलाई खुकुलो मापदण्ड

◆ विकास संवाददाता

सरकारले सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड स्थानीय तहको हकमा खुकुलो बनाइदिएको छ। अर्थ मन्त्रालयले यसअघि मापदण्डले तोकेका कतिपय प्रावधानमा संशोधन गर्दै स्थानीय तहलाई खर्च गर्न सहज हुने गरी नयाँ निर्णय गरेको छ ।

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड अनुसार यो वर्ष सवारी साधन किन्न, करारमा कर्मचारी राख्न वा सेवा सुविधा थप गर्न अनिवार्य अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने हो । तर, स्थानीय सरकारको हकमा भने सम्बन्धित कार्यपालिकाले निर्णय गरे पुग्ने भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकाअनुसार अर्थ मन्त्रालयले यसबारे १४ पुसमा निर्णय गरी सबै स्थानीय तहमा पठाएको छ ।

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डले यो वर्ष सार्वजनिक निकायको दरबन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालकको पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ति गर्न पाइने छैन । तर, करारमा राख्न सकिने पदको स्थायी दर वन्दी रिक्त भएको अवस्थामा भने अर्थ मन्त्रालयको पूर्वस्वीकृतिमा संघीय मामिला तथा सामान्य प्रशासनको अनुमति लिएर कर्मचारी भर्ना गर्न सकिने प्रावधान थियो । तर, नयाँ व्यवस्था अनुसार स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरी नियुक्ति गर्न सक्ने भएका छन् ।

मापदण्ड अनुसार अत्यावश्यक विषयमा थप आर्थिक सिर्जना हुने गरी वा खाइपाई आएको भत्ता वा सुविधामा थप हुने रगी निर्णय लिनु पर्ने भएमा सार्वजनिक निकायले यस्तो निर्णय गर्नुअघि अर्थ मन्त्रालयको पूर्वसहमति आवश्यक हुन्थ्यो । तर, अब स्थानीय तहले भने सम्बन्धित कार्यपालिकाकाबाटै निर्णय गरी यस्तो सहमति लिन सक्ने भएका छन् । सवारी साधन खरीदमा समेत अर्थ मन्त्रालयको पूर्वसहमतिको साटो स्थानीय तहको कार्यपालिकाको निर्णय अनुसार गर्न सकिने गरी खुकुलो बनाइएको छ ।

मापदण्ड अनुसार यो वर्ष बजेटमा विनियोजन भएको बाहेक दीर्घकालिन दायित्व सिर्जना हुने गरी सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गर्न सक्ने छैनन्। तर, स्थानीय तहले भने सम्बन्धित स्थानीय तहको कार्यकालिकाबाट स्वीकृति गराएर यस्तो काम गर्न सक्ने भएका छन्। उत्पन्न दायित्व भने आफ्नै स्रोतबाट बेहोर्नुपर्ने छ, त्यसो त प्रकृयागत सहजीकरण गरेको मन्त्रालयले स्रोतमा भने कसेको छ। यसरी स्थानीय तहबाट उत्पन्न भएको आर्थिक स्रोतको दायित्व भने संघले बेहोर्ने छैन । त्यसका लागि सम्बन्धित स्थानीय सरकारको विनियोजन (सशर्त अनुदान बाहेक)बाट बेहोर्नु पर्ने भएको छ ।

मन्त्रालयका एक अधिकारीले अत्यावश्यक कामका लागि आफ्नो स्रोतमा स्थानीय सरकारले काम गर्न सकुन भन्ने उद्देश्यले केन्द्रमा धाइरहनु पर्ने अवस्था हटाइएको जानकारी दिए। मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले नयाँ नियमबारे संघीय मन्त्रालयमार्फत सबै स्थानीय तहमा पत्राचार गरिसकेको ती अधिकारीले बताए । उनका अनुसार स्थानीय सरकारले सिर्जना गर्ने अतिरिक्त दायित्व संघसम्म नआओस भनी आर्थिक दायित्वमा कस्दै प्रकृया सहज बनाइएको हो ।

# मकवानपुरमा निर्वाचन लक्षित काम अघि बढ्यो

◆ विकास संवाददाता




जिल्ला निर्वाचन कार्यालय मकवानपुरले आसन्न निर्वाचनलाई लक्षित गरी जिल्लामा आवश्यक काम अघि बढाएको छ । कार्यालयले मतदानस्थल र केन्द्रको पुनरावलोकन तथा प्रत्येक स्थानीय तहमा मतदाता नामावली अद्यावधिक गर्ने कामको तयारी थालेको जनाएको छ । अघिल्लो निर्वाचनमा तय गरिएका मतदानस्थल र केन्द्रको पछिल्लो अवस्था साथै आवश्यक स्थानमा पुनरालोकनका लागि काम अघि बढाइएको जिल्ला मतदानस्थल पुनरावलोकन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले जानकारी दिए ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार अघिल्लो निर्वाचनको अवस्था हेर्दा मकवानपुरमा एउटा मतदानस्थलमा बढीमा आठ हजार २ सयसम्म मतदाता संख्या रहेको थियो । यद्यपि अहिलेको समय सन्दर्भमा मतदातालाई पर्ने पायक स्थानमा व्यवस्थापन गर्ने गरी मतदानस्थल र केन्द्रको व्यवस्थापन गरिने योजना रहेको प्रजिअ रिजालले भने । यसैगरी जिल्लाको सबै स्थानीय तहमा मतदाता नामावली अद्यावधिक गर्ने कार्यका लागि काम अघि बढाएको जिल्ला निर्वाचन कार्यालय मकवानपुरले जनाएको छ। सोअनुसार आगामी माघ १५ गतेदेखि सबै स्थानीय तहमा १०/१० सहायक नाम दर्ता अधिकारी खटाइने तयारी गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख गोविन्दप्रसाद पौडेलले जानकारी दिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति घोषणा गरेपछि त्यस विषयमा जिल्ला निर्वाचन कार्यालय मकवानपुर आफ्नो तयारी शुरू गरेको जनाएको हो। आगामी वैशाख १७ र २७ गते निर्वाचनको मिति तय भएसँगै मकवानपुरमा निर्वाचनका निमित्त आवश्यक अन्य तयारी तथा प्रक्रिया अघि बढाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। मकवानपुरका प्रजिअ गोविन्दप्रसाद रिजालको संयोजकत्वमा रहने जिल्ला मतदानस्थल पुनरावलोकन समितिको बैठकसमेत सम्पन्न भएको बताइएको छ। सो बैठकमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, मकवानपुरस्थित स्थानीय तहका प्रमुख, जिल्ला सुरक्षाप्रमुख तथा निर्वाचन कार्यालयका कर्मचारीको बैठकमा सहभागिता रहेको थियो ।

विसं २०७४ मा सम्पन्न निर्वाचनमा मकवानपुरमा १६४ मतदानस्थलमा ३२४ मतदान केन्द्र निर्धारण गरिएको थियो । जिल्ला निर्वाचन कार्यालय मकवानपुरका अनुसार आसन्न निर्वाचनमा मकवानपुर जिल्लामा करीब दुई लाख ७२ हजार ४७८ जना मतदाता हुने प्रारम्भिक अनुमान छ । मतदाता संख्या तथा दूरीको हिसाबले मतदान केन्द्र तोकिएको थियो । यसअघि निर्वाचन आयोगले मतदान केन्द्रको मापदण्ड निर्वाचन कार्यालयमा पठाइसकेको जिल्ला निर्वाचन कार्यालयका कार्यालय प्रमुख पौडेलले भने । उनले मतदान केन्द्र मापदण्डअनुसार मतदानस्थल परिवर्तन हुन सक्ने भए अर्को बैठकमा पेश गर्ने बसेको समितिको बैठकले निर्णय गरेको जानकारी दिए । माघ १० गतेसम्म स्थानीय तहका राजनीतिक दलका व्यक्ति स्थानीयवासीसँग छलफल गरेर मापदण्डअनुसार मतदान केन्द्र थपघट तथा फेरबदल हुन सक्ने उनले भने ।

स्थानीय तहबाट मतदान केन्द्र पायक पर्ने स्थानमा भए अर्थात् मापदण्ड पुग्ने भए मतदान केन्द्र परिवर्तनलाई जिल्ला मतदान केन्द्र पुनरावलोकन समितिले निर्वाचन आयोगलाई सिफारिस गर्नेछ । प्रजिअको संयोजकत्वमा रहने मतदान केन्द्र पुनरावलोकन समितिको बैठक आगामी माघ १० गतेभित्र बस्ने भएको छ । सरकारले निर्वाचनको घोषणा गरेपछि स्थानीय तहमा आमजनताबीच निर्वाचनको विषयमा छलफल तथा विचार विमर्शहरू शुरू भएको पाइएको छ । प्राध्यापक ललित दासले निर्वाचनमा जाने विषयलाई सबै दलले स्वीकारसमेत गरेको देखिएकाले निर्वाचनलाई नकार्न नसकिने विचार व्यक्त गरे ।

# हेटौंडामा डाक्टरको पढाइ छिट्टै सुरु गर्छौं-मुख्यमन्त्री पौडेल



◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले मदनभण्डारी स्वाथ्य विज्ञान प्रतिष्ठानद्वारा छिट्टैनै हेटौंडामा एमविबिएस डाक्टरको पढाइ सुरू गर्ने बताएका छन् । हेटौंडा-१, भिन्तुनापथस्थित मकवानपुर सहकारी अस्पतालको अति सघन उपचार कक्ष (आइसीयु) सहितको नयाँ भवनमा स्थापना गरिएको ट्रमा सेन्टरको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री पौडेलले उपचार गर्नैका लागि मकवानपुरबाट अरबौ रूपैयाँ बाहिर जिल्लामा गएकाले अब यस क्षेत्रमा स्वास्थ्यमा सुधार गरेर त्यो रोक्ने बताए । सरकारी अस्पतालको समयमा अन्य निजी अस्पतालमा काम नगर्नका लागि उनले डाक्टरहरूलाई निर्देशन समेत दिए ।

हेटौंडा अस्पतालले अहिले कुनैपनि खालका सेवा दिनका लागि तयार रहेको बताए । मकवानपुर जिल्लाको स्वास्थ्य सेवाको क्षेत्र सुधार गर्न प्रदेश सरकार अग्रसर रहेको र निजी क्षेत्रको लगानी स्वास्थ्य सेवाको विकासमा सहयोगी भूमिकामा रहने बताए ।

मुख्यमन्त्री पौडेलले निजी क्षेत्रले स्वास्थ्य सेवाको क्षेत्रमा गर्ने लगानीको मुनाफा जरूरी भए पनि त्यो उचित हुनुपर्ने र सेवाभावबाट बढी प्रेरित हुनुपर्ने बताउनुभयो । बागमती प्रदेश सरकार स्थापना भएदेखि नै प्रदेश सरकारले मकवानपुर जिल्लाको स्वास्थ्य सुधारमा उल्लेखनीय कार्य गर्दै आएको उहाँले दावी गर्नुभयो। प्रदेश सरकारले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकसित गर्दै स्वास्थ्य सेवाको विस्तार गर्नुका साथै मेडिकल शिक्षा र स्वास्थ्य सम्बन्धी अनुसन्धानमा केन्द्रित रहेर काम गर्ने मुख्यमन्त्री पौडेलले स्पष्ट पारेका छन् ।

# करार कर्मचारी पनि सामाजिक सुरक्षा कोषमा आवद्ध गराइने

◆ विकास संवाददाता

देशैभरका करार सेवामा कार्यरत कर्मचारीका लागि खुसीको खबर छ । अब करार सेवाका कार्यरत कर्मचारीहरू सामाजिक सुरक्षा कोषमा आवद्ध हुने भएका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले करार सेवामा कार्यरत कर्मचारीहरूको विवरण पठाउन सबै जिल्ला समन्वय समिति र स्थानीय तहलाई पत्राचार गरेको छ ।

यो प्रक्रिया शुरू भएसँगै विभिन्न कार्यालयमा कार्यरत अस्थायी, ज्यालादारी एवं करारमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने बाटो खुलेको हो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा गठित कार्यदलको निर्णयअनुसार विवरण उपलब्ध गराउन पत्राचार भइआएकोले विवरण माग गरेको मन्त्रालयले जनाएको छ ।

कार्यदलको सोही निर्णय अनुरूप सरकारले सरकारी निकायमा करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने प्रक्रिया अघि बढाएको छ। सोही प्रायोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुलुकभरमा नै तीन वटै तहमा सरकारी निकायमा करार सेवामा कार्यरत कर्मचारीको विवरण पठाउन ७७ वटै जिल्ला समन्वय समिति र ७५३ वटै स्थानीय तहलाई परिपत्र गरिएको हो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# पालुङ जेसिजको पदस्थापना गरियो



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसीज वर्ष २०२१ को बोर्ड सदस्यले पूर्णता पाएको छ । पालुङ जेसीजले २८ पुसमा आयोजना गरेको २१ औं पदस्थापनासंगै बोर्डले पूर्णता पाएको हो ।

नेपाल जेसीज वर्ष २०२१ का अध्यक्ष अरूणेश्वर खनालको प्रमुख आतिथ्यमामा भएको पदस्थापना कार्यक्रममा वर्ष २०२० का अध्यक्ष मनोज रायमाझीले वर्ष २०२१ का अध्यक्ष नवराज लामालाई पद हस्तान्तरण गरेका हुन् । पदहस्तान्तरण समारोहमा लामालाई वर्ष २०२० का अध्यक्ष रायमाझीले सपथ ग्रहण गराएका थिए भने वर्ष २०२१ का अध्यक्ष लामाले बोर्डका अन्य सदस्यहरूलाई सपथ ग्रहण गराएका थिए । वर्ष २०२१ का अध्यक्ष लामाले लामाले पदग्रहण गर्दै पालुङ जेसीजलाई सबैसामु चिनाउन सक्ने गरी योजना निर्माण गरी अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

पदस्थापना समारोहको अवसरमा वर्ष २०२१ का लागि अध्यक्ष नवराज लामाले कोषाअध्यक्षमा निरज रायमाझी, महासचिबमा संगम काकी, कानुनी सल्लाकारमा अनिता बिष्ट, शाखा सम्पादकमा अन्नत ढकाल र जनसम्पर्क अधिकारीमा लक्ष्मी कार्कीलाई मनोनित गरेका छन् । जेसीजको अध्यक्षमा भने २० मंसिरमै नवराज लामा निर्वाचित भएका थिए । मतदान प्रक्रियाबाट जयराम खत्रीलाई २६ मतले पराजित गर्दै लामा अध्यक्षमा निर्वाचित भएका थिए भने पालुङ जेसीजको कार्यकारी उपाध्यक्षमा बिक्रम गोपाली र सुशान्त गोपाली तथा उपाध्यक्षमा संजय गोपाली, माधव कार्की, जनक तामाङ र सुविन्द्रमान प्रधान सर्वसम्मत निर्वाचित भैसकेका छन् ।

नेपाल जेसीजका राष्ट्रिय महासचिव विकास मानन्धर, कानूनी सल्लाहकार गोकुल सापकोटा, थाहा नगरपालिकाका उपमेयर खड्ग गोपालीको विशेष आतिथ्यमा भएको कार्यक्रममा वर्ष २०२० का अध्यक्ष मनोज रायमाझीले आफ्नो कार्यकालमा उत्कृष्ट सहयोग गर्नेहरू मध्येबाट ३ जनालाई 'वेस्ट सर्पोटेड' अवार्ड घोषणा गरी वितरण गरेका छन् । रायमाझीले उपाध्यक्षहरू मध्येबाट निरज रायमाझी, संयोजकहरू मध्येबाट संजय गोपाली र पूर्व अध्यक्षहरू मध्येबाट सुरेन्द्रमान प्रधानलाई अवार्ड दिएका हुन् ।

पदस्थापना कार्यक्रमको अवसरमा विभिन्न व्यक्तित्वहरूलाई मायाँको चिनो तथा जेसीज सप्ताहको अवसरमा भएका कार्यक्रमहरूको पुरस्कार वितरण समेत गरिएको थियो । कार्यक्रममा पालुङ जेसीजका पूर्व अध्यक्षहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनीधिहरू, जेसीज सदस्यहरू, स्थानीय संघसंस्थाहका प्रतिनीधिहरू, संचारकर्मी तथा सर्वसाधारणहरूको उल्लेख्य उपस्थिती रहेको थियो । कार्यक्रम सविन विष्टको संयोजकत्वमा भएको थियो ।

# दामन भ्यूटावर .... .. .. .

रिसोर्टका सञ्चालक प्रकाश होटल इन्टरनेशनलका प्रतिनिधि भरत गोपालीले भ्यूटावरमा नयाँ दूरविन राख्न र टावर मर्मत गर्न नगरपालिकालाई पटक–पटक अनुरोध गर्दा पनि समस्या समाधान नभएकाले टावर बन्द गर्नुपरेको जानकारी दिए ।



थाहा नगरपालिकाले दामन भ्यूटार र रिसोर्ट दुवै सञ्चालन गर्ने गरी विसं २०७५ कात्तिक १५ गते प्रकाश होटल इन्टरनेशनललाई पाँच वर्षका लागि ठेक्कामा दिएको थियो । कूल रू ४७ लाख ६३ हजारमा ठेक्कामा लिएकामा नगरपालिकाले नयाँ दूरविन उपलब्ध नगराएको, अन्य पूर्वाधार निर्माणमा पनि सहयोग नगरेको र कोभिड–१९ का कारण चल्न नसकेको जनाउँदै सो इन्टरनेश्नलले सम्झौतामा पुनःविचार गर्न माग गर्दै आएको छ ।

विसं २०२१ मा तत्कालीन राजा महेन्द्रले रानी इन्द्र राज्य लक्ष्मीको आग्रहमा भ्यूटावरको निर्माण गरिएको थियो । नेपालकै पहिलो भ्यूटावर टावरको रूपमा रहेको भ्यूटावरको नाम शीतल भ्यूटावर राखिएको थियो । थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टले समेत होटल सञ्चालन गरका थिए । भ्यूटावरमा दुई शक्तिशाली दूरविन राखिएका थिए । दूरविनबाट विश्वको सर्वोच्च शिखर सगरमाथासहित दर्जन बढी हिमशृङ्खला नजिकै देख्न सकिन्थ्यो ।

थाहा होटल एशोसिएशनका अध्यक्ष शिवकुमार खत्रीले भ्यूटावरमा रहेको दूरविन करिब एक दशकदेखि नै काम नलाग्ने अवस्थामा रहेको जानकारी दिए । शुरूमा पर्यटन विभागको मातहतमा रहेको टावर डेढ दशकअघिदेखि जिल्ला विकास समितिले ठेक्कामार्फत सञ्चालन गर्दै आएको थियो । विसं २०७२ को संविधानले स्थानीय स्रोतको सञ्चालनमा स्थानीय तहलाई अधिकार प्रदान गरेपछि जिल्ला विकास समितिले थाहा नगरपालिकालाई भ्यूटावरको स्वामित्व हस्तान्तरण गरेको थियो । भ्यूटावर नगरपालिकाको स्वामित्वमा आएपछि जननिर्वाचित प्रतिनिधिको नगरसभाले भ्यूटावरमा राख्न दूरविन खरिद गर्नका लागि बजेट विनियोजन गर्दै आएको छ । अहिलेसम्म दूरविन ल्याउन सकेको छैन ।

गत आर्थिक वर्ष २०७६/७७ मा दूरविन खरिद गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको भए पनि पर्यटन मन्त्रालयले नै उपलब्ध गराउने आश्वासन पाएपछि बजेट संशोधन गरिएको थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले जानकारी दिए । नगरपालिकाले चालु आव २०७७/०७८ का लागि प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत भ्यूटावर मर्मत शीर्षकमा रू चार लाख बजेट छुट्याएको छ । भ्यूटावरमा नयाँ दूरविन राख्न दूरविन खरिदको प्रक्रिया शुरू गरिएको उनले बताए ।

अहिले भ्यूटावर र रिसोर्ट दुवैको मूलढोकामा ताल्चा झुण्ड्याइएको छ । दामनको पर्यटकीय मनोरम हावापानीमा रम्दै भ्यूटावरमा रहेको दूरविनबाट दृश्यावलोकन गर्ने योजना बनाएर दामन आउने पर्यटक खिन्न हुँदै फर्किने गरेका छन् । 'पर्यटक भ्यूटावर चढ्न भनेर आउँछन्, मूलढोकामा ताला झुण्डिएको देखेर खिन्न भएर फर्किन्छन्', भ्यूटावर नजिकै होटल सञ्चालन गर्दै आएका सुरथ अधिकारीले भने ।

अर्का होटल सञ्चालक दावा शेर्पाका अनुसार दामनको पर्यटनको आधा हिस्सा भ्यूटावरले धानेको थियो । नेपालकै एक मात्र पर्वतीय वनस्पति केन्द्र, शीतोष्ण



वागवानी केन्द्र, वनभोजस्थल, फोटो खिच्ने (सेल्फी) डाँडा, नेपालकै लामो भऱ्याङ आदि दामनका पर्यटकीय आकर्षणका केन्द्र भए पनि अधिकांश पर्यटक भ्यूटावर भएकै कारण आउने गरेको होटल व्यवसायीको भनाइ छ । भ्यूटावर चढ्ने र दृश्यावलोकन गर्ने योजनाले आएका पर्यटक स्थानीय होटल तथा रिसोर्टमा बस्दा स्थानीय व्यापार बढ्ने गरेको थियो । अहिले खास अवसरमा बाहेक दामनमा पर्यटक आउनै छाडेको होटल व्यवसायीको गुनासो छ ।

भ्यूटावर बन्द भएसँगै दामनको पर्यटन व्यवसायमा समस्या आएपछि एभरेष्ट युवा क्लबले पटक–पटक भ्यूटावर संचालक र थाहा नगरपालिकाका प्रनिनिधिसँग भेटेर छलफल गरिसकेको क्लबका अध्यक्ष शिबकुमार खत्रीले बताए । 'हामीले नगरपालिका पुगेर प्रमुख प्रशासकीय अधिकृतसँग कुरा गऱ्यौं, तर अहिलेसम्म समस्या समाधान भएन', उनले भने । अहिलेसम्म भ्यूटावर नखुलेपछि अब दामनका स्थानीयहरूको टोली लिएर नगरपालिकामा डेलिगेशन जाने तयारी गरिएको क्लबले जनाएको छ ।

गर्मीयाममा अति गर्मी र जाडोयाममा हुस्सुले निस्सासिँदो तराई र सीमावर्ती भारतीय पर्यटकका लागि दामन उपयुक्त गन्तव्य हो । काठमाडौँको धुवाँ, धुलो र भीडभाडबाट मुक्त भएर प्राकृतिक सुन्दरतासँगै आनन्द लिन पनि दामन उपयुक्त छ । तर भ्यूटावर बन्द हुँदा यस वर्ष नयाँ वर्षमा समेत दामन पर्यटकको गन्तव्य बन्न नसकेको थाहा होटल एशोसिएशनले जनाएको छ । भ्यूटावर सञ्चालन गरेर दूरविनको व्यवस्था मात्रै गर्न सके पनि दामन पुरानै लयमा फर्किन सक्ने एशोसिएशनका अध्यक्ष खत्रीले बताए ।

# पुर्ननिर्माण... .. .

आयोजना कार्यान्वयन इकाई मकवानपुरले जानाएका छ । नगरपालिकामा १ हजार ४ सय ४५ परिवार आशिंक भूकम्पपीडित पीडित र हेको विवरण छ । उनीहरूले मध्ये ९ सय २९ जनाले अनुदान सम्झौता गरी पहिलो किस्ता अनुदान बुझि सकेका छन् । यस किसिमका ५ सय १६ लाभग्राहीले पनि अनुदान सम्झौता नै गरेका छैनन् । पहिलो किस्ता लिएका मध्ये १२ परिवारले मात्र घरमा रेट्रोफिटिङ गरेका छन् । यो परिवार संख्या कुल आंशिक क्षति भएका लाभग्राहीको जम्मा १.२९ प्रतिशत मात्र हो । तसर्थ, थाहा नगरपालिकामा रेट्रोफिट गराउने लाभग्राहीको संख्या अत्याधिक कमी रहेको छ ।

थाहा नगरपालिका क्षेत्रमा वि.सं. २०७२ को भुकम्पबाट अद्यावधिक तथ्याङ्क अनुसार ७ हजार ९८ परिवार भुकम्पबाट पुरै विस्थापित मध्ये ६ हजार ५ सय १ अर्थात ९२.५८ प्रतिशत लाभग्राहीले अनुदान सम्झौता गरेका हुन् । सम्झौता गरेका मध्ये ७ सय २ परिवारले दोस्रो किस्ता लिएका छैनन् भने ७ सय साठी परिवारले तेस्रो किस्ता लिन बाँकी छ । अनुदान लिएका ति भूकम्पपीडितहरूले निजी आवास निर्माण गरिरहेको इन्जिनियर परवेज खानले जानकारी दिए । थाहा नगरपालिका क्षेत्रमा पूर्ण र आंशिक गरी कुल भुकम्पपीडित ८ हजार ५ सय ४३ रहेको छ । थाहा नगर पालिकाले वि.सं. २०७४ सालमा तयार पारेको नगर प्रोफाइल अनुसार नगरमा कुल ८ हजार ६ सय ४९ परिवार संख्या रहेको छ । यो तथ्याङ्क अनुसार थाहानगरमा जम्मा १ सय ६ परिवार बाहेक अरू सबै भूकम्पपीडतको सूचीमा छन् ।

# जनशक्तिको कारोबार डेढ करोड



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनशक्ति कृषक सहकारी संस्थाको कारोबार १ करोड ५० लाख पुगेको छ ।

सस्थाको १०औं बार्षिक साधारणसभामा सस्थाको कोषाध्यक्ष श्रमिका गोलेले प्रस्तुत गरेको प्रतिवेदनमा १ करोड ४३ लाख २९ हजार ७६ रूपैयाँ बराबरको कारोबार पारित भएको हो । साधारणसभाले संस्थाका अध्यक्ष बिमल केसीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम, सचिव बाबुलाल कार्कीले प्रस्तुत गरेको प्रगति प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति संयोजक सूर्य लामाले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ ।

वि.सं. २०६८ सालमा स्थापना भएको सहकीरले बचत तथा ऋण, कृषि यान्त्रिकरण लगायत बिभिन्न कृषि सम्बन्धि गतिबिधिहरू संगै सहकारी बजार विकास कार्यक्रम संचालन गरिरहेको अध्यक्ष बिमल केसीले जानकारी दिए ।

# बालबालिकामा गरिएको लगानी फलदायी

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख रघुनाथ खुलालले बालबालिकाका क्षेत्रमा गरिने लगानीले भविष्यमा फलदायी सावित हुने बताएका छन् ।

बालमैत्री गाउँपालिका घोषणाको तयारीमा रहेको जिल्लाको बकैया गाउँपालिकामा आयोजित अभिमुखिकरण कार्यक्रममा बोल्दै प्रमुख खुलालले आजका बालबालिकानै भोलिका देशका कर्णधार भएकाले बालबालिकाको क्षेत्रमा लगानी गर्न सुझाव दिए ।

प्रमुख खुलालले समाज रूपान्तरण नै विकासको मापन भएकाले समाजलाई परिस्कृत बनाउन सक्नुपर्ने बताए । उनले भौतिक उपलब्धीले मात्र विकासको मापन गर्न नहुने भन्दै समाजिक क्षेत्रमा समेत यथोचित बजेट व्यवस्थापन गर्न आग्रह गरे ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## थाहा नगरपालिका

इन्द्रायणी चौर मकवानपुर

### थाहा नगरपालिका कृषि विकास शाखाको सूचना !

*सूचना प्रकाशित मिति: २०७७/०९/१५*

यस थाहा नगरपालिका कृषि विकास शाखा, इन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०७७/०७८ को स्वकीृकत वार्षिक कार्यक्रम अनुसार प्रत्येक महिनाको १० गते कृषक समूह तथा थाहा नगरपालिका कृषि विकास शाखा बीच संचालन हुने गरेको मासिक बैठक कोरोना भाइरसको महामारीका कारण स्थगित हुन गएकोमा हाल अवस्था सामान्य हुँदै गएको हुँदा स्वास्थ्य मापदण्ड पूरा गरी प्रत्येक महिनाको १० गते संचालन पुनः बैठक हुने हुँदा सम्पूर्ण कृषक समूहका पदाधिकारीहरुका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**बैठक हुने स्थान :**

- पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको हल, थानाबजार








## श्री गणेश प्राथमिक विद्यालय

थाहा-६, पापुङ, लिखेल

### विद्यालय कर्मचारी (सहयोगी) आवश्यकता सम्बन्धी सूचना !

*सूचना प्रकाशित मिति: २०७७/०९/२८*

यस विद्यालयको लागि विद्यालय कर्मचारी (सहयोगी) पद रिक्त भएकोमा करार दरबन्दीमा नियुक्ति गरी पदपूर्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार तपशिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिलः**

| | |
|---|---|
| विज्ञापन नं. | : १/०७७/०७८ |
| पद | : प्राथमिक विद्यालय कर्मचारी (सहयोगी) |
| किसिम | : करार |
| संख्या | : १ (एक) |
| न्यूतम शैक्षिक योग्यता | : ८ कक्षा उतीर्ण भएको |
| उमेर | : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| तलब भत्ता | : नेपाल सरकारको नियमानुसार |
| परीक्षाको किसिम | : लिखित र अन्तरवार्ता |
| दरखास्त दिने अन्तिम मिति | : २०७७/१०/०१ देखि २०७७/१०/१५ सम्म |
| परीक्षा मिति | : सम्पर्क मितिका दिन तोकिनेछ |
| परीक्षा दस्तुर | : रु.१०००/(एक हजार) |

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रतिलिपी १ थान ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१ थान ।
३. हस्त लिखित निवेदन १ थान

**सम्पर्क : ९८४५८०२९८ र ९८२३५३३४९७**

**-प्रधानाध्यापक**



### धार्मिक कार्यका लागि आर्थिक सहयोगको आव्हान

धार्मिक तथा ऐतिहाँसिक एवं पर्यटकीय क्षेत्रको महत्वपूर्ण स्तम्भ थाहा नगरपालिकामा विभिन्न मठमन्दिर एवं तीर्थ स्थलहरु रहेको छ । यस क्षेत्रमा अधिकांश हिन्दु धमावलम्वीहरुको जनघनत्व रहेको व्यहोरा विदितै छ । थाहा नगरपालिका वडा नम्बर ३ घर्तिखोलाको दम्कीमा हिन्दु धर्मावलम्बीहरुको आराध्यदेव लक्ष्मी नारायणको मन्दिर निर्माण गर्ने अभियानको प्रारम्भ यहाँको स्थानीय समाजसेवी, बुद्धिजीवीहरुको संलग्नतामा हुन लागेको व्यहोरा अवगत गराउँदछ‍ौं । थाहा नगरपालिका क्षेत्रभित्र हालसम्म लक्ष्मी नारायणको मन्दिर नभएको र यस क्षेत्रमा उक्त मन्दिर निर्माण हुँदै धार्मिक पर्यटकीय क्षेत्रको विकास हुने कुरामा दुई मत नहोला । यसर्थ, लक्ष्मी नारायण मन्दिरको लागि तपाईबाट आर्थिक सहयोग उपलब्ध गराई यस महान अभियानलाई सार्थक तुल्याउनुहुन सादर अनुरोध छ ।

**कमलकुमार केसी**
**(अध्यक्ष)**


**लक्ष्मी नारायण निर्माण समिति**
**थाहा-३, घर्तिखोला मकजानपुर**



## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४ °F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने



जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने



पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने



**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ। यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म वैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस विषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरु बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी